“हाम्रो राइनास नगरः कृषि, पर्यटन, शिक्षा र वातावरण मैत्री शहर”

# राइनास नगरपालिका

# प्रथम नगर सभा

२०७४ असार २८ गते

राइनास नगर कार्यपालिका

तीनपिप्ले, लमजुङ

**प्रमुख अतिथि ज्यू , विशेष अतिथि ज्यू , अतिथि महानुभावहरू, उपप्रमुख ज्यू , कार्यपालिका सदस्यहरू, सभासद महानुभावहरू पत्रकार साथीहरू लगायत सम्पूर्ण उपस्थित जनसमुदाय ...**

पूर्वी लमजुङ एंव मर्स्याङ्दी र चेपे नदीको दोभानमा अवस्थित यस राइनास नगरपालिका नेपालको एक ऐतिहासिक भूमि पनि हो । नेपालको एकीकरण अभियानका एक अभियन्ता सरदार भक्ति थापाको कर्मभूमि पनि हो । यो ठाउँ, जसले पराइका विरूदमा खुकुरी उठाए र आफ्नै पसिनाले खुकुरी पखालेको कर्मभूमि पनि हो । ऐतिहासिक राइनासकोटले चारैतिर छहारी दिएको, मानव सभ्यताको जननी, पौराणिक धर्म संस्कृति र परम्पराको धरोहर नै बनेको छ । यही धरोहरलाई मध्यनजर गर्दै नेपाल सरकारले साविकका ६ वटा गा.वि.सहरू क्रमशः तार्कुघाट, धमिलीकुवा, चक्रतिर्थ, भलायखर्क, प्यारजुङ र मोहोरियाकोटलाई मिलाएर मिति २०७२।०६।१८ मा यस राइनास नगरपालिका धोषणा गरेको छ । यसले हामी राइनास बासीहरूलाई हर्ष विभोर वनाएको छ । भने चुनैतीहरूको सामना गरी अवसरहरूको खोजी गर्न समेत प्रेरित गरेको छ । प्रकृति, संस्कृति र इतिहासको धरोहर बोकेको यस राइनास नगरपालिकाको प्रथम नगर सभाको अवसरमा भर्खरै सम्पन्न स्थानिय तहको निर्बाचनबाट निर्बाचित प्रमुखको हैसियतले आ.व. ०७४।०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षविभोर भएको छु । यस अवसरमा राष्ट्र र जनताको लागि प्राण त्याग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै यस गरिमामय समारोहमा उपस्थित आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिजूहरू, लगायत सम्पूर्ण अतिथिज्यूहरूलाई हार्दिक स्वागत गर्न चाहान्छु ।

लमजुङ जिल्लाका ४ वडा नगरपालिका मध्ये यस राइनास नगरपालिकालाई अनेकौं डाडाँकाडाँ, पहाड, लेक, बेसी, खहरे, नदीनाला, खोल्सा खोल्सी, उकाली ओराली, भज्याङ देउराली, थुम्काथुम्की, कोट गढी, मठ मन्दिर हरिया वन जङ्गल आदिले रोमाञ्चकता प्रदान गरिरहेका छन् । यिनै प्राकृतिक शौन्दर्यको परिदृश्यमा यसले आ-आफ्नै मौलिकता, अस्तित्व बोकेको छ । लमजुङ र गोर्खा भएर बग्ने पवित्र स्वच्छ चेपे (चम्पावती) नागवेली आकारमा बगेको छ । यस नदिबाट मध्ये पहाडी कै सवैभन्दा ठूलो राइनासटार सिचाइ आयोजना संञ्चालन गरिएको छ । यसैबाट ८०० हेक्टर जग्गा सिचित गरीएको छ । त्यसैले यो क्षेत्रमा उत्पादन बृदि भएको छ । यस कारण यस चम्पावती नदीलाई यस नगरपालिकाको महत्वपूर्ण गहनाका रूपमा लिन सकिन्छ । अझै उच्च तर्फ हेर्ने हो भने राइनासकोट र यसको अगलवगलमा जति हेरे पनि नअघाइने प्रकृति र विविध संस्कृतिका गाउँ बस्तिहरू एंव हिमशृङ्खलाहरू देख्न्न पाइन्छ ।

विगतको लामो समय देखि स्थानिय तहको निर्वाचन नभएको हुदा कर्माचारी बाट स्थानीय निकायहरू संचालित थियो । तर राज्यको पून संरचना पछाडी यही २०७४ बैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न भई हामी जनप्रतिनिधिहरू आएका छौं । सबै निर्वाचित जनप्रतिनिधिहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिदै धन्यवाद दिन चाहान्छु ।

आर्थिक वर्ष २०७४।०७५ को निती तथा कार्यक्रम यस गरिमामय नगर सभामा पेश गर्न चाहान्छु ।

## शिक्षा

- हाल भै रहेका आधारभूत विधालय र माध्यमिक विधालयका शैक्षिक र भौतिक वातावरण व्यवस्थित हुनेछ । नैतिक शिक्षा, व्यवहारिक शिक्षाका अतिरिक्त अङ्ग्रेजी भाषामा समेत अध्ययनमा प्रोत्साहन गरिनेछ । राइनास नगरपालिका वडा नं. ८ तार्कुघाटमा श्री वीर भक्ति राइनास क्याम्पस र चक्रतिर्थमा फरक-फरक विषयका स्नातक र स्नाततकोत्तर तहको होस्टेल सहितको पढाई हुनेछ, कलेजको स्थापना अगामी २ वर्ष भित्र हुनेछ ।
- यस नगरपलिका वडा नं. ९ स्थित भैरव मा.वि. चीन सरकारको सहयोगमा ८३ करोडको लागतमा नेपालको नमूना होस्टेल, सेमिनार हल सहितको सुविधा सम्पन्न विधालय भवन अगामी २ वर्ष भित्र सम्पन्न हुदैछ ।
- राइनास नगरपालिकाको वडा नं ४ मा रहेको शौभाग्यदय मा.वि. नेपाल सरकारको ५ करोड लगानीमा होस्टेल सहितको नमूना विधालय भवन निर्माण हुदैछ ।
- पूर्ण साक्षर रहेको नगरपालिका भित्रका उमेर पुगेका सबै बालबालिका विधालय गएका छन् ।
- सबै बिधालयमा बाल विकास केन्द्र हुनेछ साथै बाल मैत्रि विधालय बनाइने छ ।
- शिक्षा अनिवार्य र मर्यादित हुनेछ । नगरपालिका भित्र एक गुरूकुल आश्रम शिक्षा प्रदान गर्ने विधापिठ गर्न प्रयास गरिने छ ।
- विधालय, कलेजका अलवा सर्वोदय सेवाश्रममा, धमिलकुवा, चक्रतिर्थ, बोराङखोला, प्यारजुङ भञ्ज्याङ र मोहोरियामा गरी ६ वटा सार्वजनिक सामुदायिक पुस्तकालय निर्माण गरिने छ ।
- सबै माध्यमिक बिधालयमा ई लाईब्रेरीको व्यवस्था गरिने छ ।

## स्वास्थ्य

- नगरपालिका भित्रका ३ वटा (मोहोरियाकोट, प्यारजुङ र भलायखर्क) स्वास्थ्य चौकीको स्तर उन्नति हुनेछ । ३ वटा चक्रतिर्थ, धमिलीकुवा र तार्कघाट यस अधि नै स्तर उन्नती भइ सकेको छ ।
- चक्रर्तिर्थ स्वास्थ्य चैकीलाई १५ सैयाको अस्पताल बनाइनेछ ।
- सर्बोदय आरोग्य केन्द्र हुनेछ । योग, प्राकृतिक चिकित्सा, आयुर्वेद लगायतको साथै उक्त स्थानमा तनाव ब्यवस्थापन ध्यान साधना स्थलको रूपमा नियमित कार्यक्रम रहनेछन् । बुढ्यौली व्यवस्थापनको प्रशिक्षण समेत नियमित हुनेछन् ।
- एक घर एक धारा अवधारणा अनुसार घरमा स्वच्छ पिउने पानीको व्यवस्था भएको हुनेछ । रागिनासकोटमा लिफ्ट प्रविधिद्वारा खानेपानी पुरयाइनेछ । काउरे पानी ठुली पोखरी र पात्लेपानीको पानी माथी डाँडामा लिफ्ट गरी पानी जम्मा गरी त्यस क्षेत्रको खानेपानीको समस्या यसै वर्ष समाधान गरीने छ ।
- तिनपिप्ले र तार्कुघाटमा रहेका आयुर्वेद औषाधालयको स्तर बृदि गरिने छ ।
- नगपालिका भित्र एक जडिबुटी प्रशोधन केन्द्र हुनेछ ।

- फोहर व्यवस्थापनमा सड्ने र नसड्ने गरी सबै घर, पसल, विधालय, बजार क्षेत्रका फोहोर स्वयं घर गाउँ टोलमा नै व्यवस्थित गर्ने परिपाटि हुनेछ । फोहरलाई मोहरमा रूपान्तरण गरिनेछ । जसले गर्दा डम्पिङ साईटको विकरल समस्या नगरपालिकामा आउने छैन भन्ने विश्वास राखिएको छ ।

## बातावरण

- नगरपालिका क्षेत्र भित्रका सबै वन जङगलहरू संरक्षित हुनेछन् । संगठित वन उपभोक्ता समितिहरूको क्षमता बृदि भै वन संरक्षण उत्कृष्टता हाँसिल गरिने छ ।
- रागिनासकोट वरपरको जङ्गल क्षेत्रलाई विशेष संरक्षण क्षेत्र धोषणा गरिनेछ ।
- बोराङखोला, दोभान देखि चेपेघाट र चेपेघाट देखि तार्दीखोला दोभान सम्मको चेपे र मर्स्याङ्दी किनारमा भएका बनबुटा संरक्षण र थप बृक्षरोपण गरी ग्रिनवेल्ट (हरित क्षेत्र) बनाई त्यसमा हरित प्राकृतिक मार्ग हुनेछ । जसले भुक्षय रोक्ने, वातावरण जोगिने, जंगल र नदीको संगममा प्राकृतिक यात्रा गर्ने पर्यटकीय क्षेत्र बन्नेछ । उक्त क्षेत्रमा जलयात्रा समेत संञ्चालनमा ल्याइनेछ । बीच -बीचमा टि सप र पार्क हुनेछन् ।
- पाखामा खाली बाँझो जग्गामा कृषि वन प्रणाली अपनाइनेछ । जस अनुसार ठूला रूख र छहारिमा हुने खेती गर्न स्थानीय समुदायलाई प्रोत्साहन स्वरूप नगरपालिकाबाट लगानी गरी आय आर्जनमा बृदि गरिने छ ।

## जिविकोपार्जन (स्वरोजगार)

- नगरपालिका भित्रका वस्ती भन्दा माथिल्लो भेगमा ब्यावसायिक बाख्रा, कुखुरा, तरकारी, फलफुल, जडिबुटी, मैरी, गाई फार्म हुनेछन् ।  समथर सिंचाई भएका खेतीयोग्य जमिनमा पूर्वाधार भन्दा खेती तर्फ अकर्षण भएको हुनेछ ।  ति फर्महरूमा स्थानीयहरू कै शेयर सहभागिता हुनेछ । कृषि विमा, शित गृह, अर्गानिक उत्पादन भएको हुनेछ ।
- प्रत्येक घरमा कम्तीमा २/२ घार मैरी एक टनेल सहितको करेसाबारी भएको हुनेछ । पशुपालन निर्वाहमूखि भन्दा पनि व्यवसायिकता अभिबृदि गर्न प्रेरित गरिने छ ।
- चेपे किनार, मस्याङ्दी किनार क्षेत्रमा मत्स्य विकास हुनेछन् ।
- नगरपालिका भित्र रहेका सहकारीको एक समन्यवन समिति हुनेछ । मासिक वचतका अलवा दैनिक वचत सुरू भएको हुनेछ । चक्रतिर्थ र तार्कुघाटमा गरी २ वटा सहकारी, बैङ्क संञ्चालन हुनेछन् । रेमिट्यान्सको काम, विधुत महसुल, खानेपानी, सिँचाई महसुल बुझाउने काम सहकारी मार्फत हुनेछ ।
- नगरपालिका भित्रका सबै बासिन्दा कुनै न कुनै अथवा पायक पर्ने सहकारीमा शेहर सदस्य भएका हुनेछन् ।

- बोराङखोला, चक्रतिर्थ, धमिलकुवा, तार्कुघाट, प्यारजुङ र मोहोरियामा १/१ स्थानीय उपज तरकारी फलफुल संकलन केन्द्र स्थापना गरिनेछ । चक्रतिर्थ, मोहोरिया, रागिनासकोट, हर्रोबोटमा कृषि पर्यटनको स्थापना गरिनेछ ।

# पूर्वाधार

## सिंचाई पूर्वाधार

- चेपे राइनासटार सिचाई सुब्यवस्थित, नियमित हुनेछ । यसलाई पून निर्माण गर्न प्रयास गरिने छ ।
- पाङ्ग्रे हर्रोबोट तार्दिखोला सिँचाई सुव्यवस्थित र नियमित हुनेछ ।
- स्थानीय खोलाहरूमा ढाँडखोला, भैँसीखोला, लुपुखोला, सातविसे खोला, तिनपिप्ले निरको खोला, सिम्ले खोला, स्याली खोला, बोराङखोलाहरूको सिरानमा एक एक पानी संकलन पोखरी बनाइनेछ । नहर भन्दा माथिको जग्गामा सिँचाईका लागि ती पोखरीको पानी उपयोग हुनेछ ।
- गाउँ वस्तीको माथी हरेक बस्ती माथि अकाशे पानी पोखरी हुनेछन् । जङ्गली पशुपन्छीका लागि, चरनमा जाने पशुहरूका लागि र पर्यावरण संरक्षण, पानीका मुहान संरक्षणमा ती पोखरी लाभदायक हुनेछन् ।
- स्थानीय खोलाहरूबाट चलाइएका परम्परागत कुलाहरू सबै व्यवस्थित बनाइने छ ।
- सबै खोलाका दायाँबायाँ बोटविरूवा संरक्षण रोपण गर्ने कार्य शुरू गरिने छ ।

## सडक पूर्वाधार

- मध्य पहाडी लोकमार्ग यो नगरपालीका भएर जानेछ । जसले गर्दा काठमाण्डौं र पोखरा सँग सोझै सडक सम्पर्क भएको हुनेछ ।
- धमिलीकुवा लोकमार्ग देखि बोराङखोला - प्यारजुङ भञ्ज्याङ र लोकमार्ग हर्राबोट देखि प्यारजुङ सम्मको सडकलाई कालो पत्रे गरिनेछ । यो राइनास नगरपालिकाको रिङरोड र चक्रपथको रूपमा निर्माण हुनेछ ।
- चेपेघाट - जिम्मल चौतारा लोकमार्ग सम्म अगामी ५ वर्ष भित्र कालो पत्रे गरिने छ ।
- भैरवस्थान - कुडुँले - सिमधारी - कोकेगाउँ अगामी ५ वर्ष भित्र कालो पत्रे गरिने छ ।
- हरित मार्ग टुनिगैरा देखि राइनासकोट सम्म १५०० मिटर अगामी ५ भित्र कालो पत्रे गरिने छ ।
- लोक मार्ग देखि सर्वोदय सेवाश्रमसम्म ५०० मिटर अगामी ५ वर्ष भित्र कालो पत्रे गरिने छ ।

- चेपे र मर्स्याङ्दीमा गरी ४ वटा मोटरेवल पुलले यस नगरपालिकालाई जोडिसकेको र बोराङ्खोला, थालाजुङ चेपे नदीमा पुल निर्माणधिन रहेको साथै तिनपिप्ले भडारथोक, सातविसे पारी बयापानी खण्डमा चेपे नदीमा पुल निर्माण गर्न पहल गरिने छ । राइनास -८ माझी गाउँ देखि - सुन्दर बजार फुलबारीमा पुल निर्माणमा पहल गरिने छ । साथै राइनास नगरपालिका -९ र दोर्दी १ भारते महादेव

स्थान तार्दी खोला मोटरेवल पुल निर्माण गरी यस नगरपालिकालाई ८ वटा मोटरेवल पूलले जोड्ने छ ।

- नगरपालिका भित्रका अन्य मुख्य सडक र शाखा सडक मार्गहरूमा ग्राभेल भै बाह्र महिना यातयात चल्ने व्यवस्था अगामी ५ वर्ष भित्र गरिने छ ।

## पदमार्ग

- हर्राबोट - बगुवा - मोहोरिया - साउनेपानी हुँदै रागिनासकोट
- महादेवस्थान - साततले - राइनासकोट
- धमिलीकुवा - लुपुगाउँ - मोहोरिया साउनेपानी हुँदै रागिनासकोट
- चक्रतिर्थ मन्दिर सातविसे - बोहोरा गाउँ हँदै रागिनासकोट
- बोराङखोला - पन्थेडाँडा - आँठस्वाँरा हुँदै रागिनासकोट
- रागिनासकोट-खोरभञ्ज्याङ हुँदै डाँडैडाडा प्यारजुङ भञ्ज्याङ

  माथि उल्लेखित पदमार्ग सिडी लगाई व्यवस्थित बनाइनेछ । यी मार्गहरू पर्यटकीय रूपमा आकर्षण हुनेछ ।

## विधुत / बैकल्पक उर्जा

- नगरपालिका भित्रका सबै घरहरूमा विधुत सेवा उपलब्ध गराइनेछ ।
- प्रायः सबै घरमा वैकल्पिक उर्जाको रूपमा सोलार ब्यवस्था मिलाउने कार्यक्रम ल्याइनेछ ।
- प्रायः ९० प्रतिशत घरमा बायोग्याँस प्ल्पाण्ट शौचालय जडित हुनेछ ।
- सबै घरमा धुँवा रहित चुल्हो बनाउने अभियान संञ्चालन गर्ने ।
- व्रिकेट कोइलाको व्यवसायिक उत्पादन गर्न नगरपालिका सबै वडाका महिलालाई तालिम दिइनेछ ।
- मुख्य बजार क्षेत्र, बोराङखोला, सातबिसे, तिनपिप्ले, धमिलीकुवा, पाँचभाई, तार्कुघाट हर्राबोट, सर्वोदय सेवाश्रम, रागीनासकोट, प्यारजुङमा सोलार सडक बत्तीको व्यवस्था गर्न प्रयास गरिने छ ।

## सूचना / सञ्चार

- नगरपालिका भित्र नगरपालिका कार्यालय, सबै वडा कार्यलय, मा.वि., कलेज, अस्पताल, सहकारी, पुस्तकालय, सर्बोदय सेवाश्रममा इन्टरनेटको व्यवस्था मिलाइनेछ ।
- रागिनासकोट गाउँ होमस्टे सहितको नमुना पर्यटकीय गाउँ हुनेछ । त्यस गाउँमा इन्टरनेट सुविधा हुनेछ ।
- सरकारी हुलाक सेवा स्तरीय र आधुनिक सञ्चार सामग्री पूर्ण हुनेछ ।
- हरेक माध्यमिक तहमा कम्प्युटर शिक्षा अनिवार्य हुनेछ ।
- ब्यक्ति, समुदाय बस्तीमा प्राइभेट रूपमा इन्टरनेट राख्न सकिनेछ ।

- तार्कुघाट-बोराङखोला सम्म ल्याण्डलाइन टेलिफोन हुनेछ । राईनास न.पा. स्मार्ट सिटी बनाउन पूर्वधार तयार गरिनेछ ।
- चेपे पुल, बाइसजाँगर, तार्कुघाट, पाउँदी मर्याङ्दी नदी पुलमा नगरपालिका प्रवेश स्वागतद्वार हुनेछ । ती स्थानमा नगरपालिकाको छोटो परियय सहित नक्सा भएको होडिङबोर्ड हुनेछन् ।
- राईनास न.पा.को परिचय झल्कने बृत्त चित्र र ब्रोसियर हुनेछ, वेव साईट हुनेछ ।

**<u>बस्ती विकास</u>**

- सबै गाउँ बस्तीमा छरिएर रहेका घरहरू एकिकृत धरहरू भै व्यवस्थित बसोबास भएका हुनेछन् । सबै बस्ती ग्रामीण शाखा सडक सँग नजिक बनाउन जनप्रतिनिधिहरूलाई परिचालन गरिनेछ ।
- सबै नयाँ घरहरू भूकम्प प्रतिरोधात्मक हुनेछन् । सबै घरको अभिलेख नगरपालिकामा राखिनेछ ।
- नहरको सिचाई देखि तल बस्ती विकास नभई खेती विकासमा जोड दिइनेछ ।

**<u>समाज कल्याण</u>**

- नगरपालिकाको वडा नं. ८ मा रहेको सर्वोदय सेवाश्रममा व्यवस्थित जेष्ठ नागरिक ग्राम तथा दिवा सेवा केन्द्र हुनेछ । आश्रमसँगै आध्यात्मिक बगैँचा १११ शिवलिङ्ग सहित हिमालय पर्वत भएका धर्मनाथ धाम हुनेछ ।
- तार्कुधाट र चक्रतिर्थमा एक बाल उधान हुनेछ ।
- राइनासकोट-धमिलीकुवा, प्यारजुङ, तार्कुघाट-चक्रतिर्थमा युवाहरूका लागी व्यवस्थित खेलमैदान र पार्क हुनेछ ।
- प्रत्येक टोल (पुरानो गा.वि.स.) मा एक / एक सामुदायिक भवन हुनेछन् ।
- प्रत्येक वडामा वडा कार्यालय हुनेछ । सामान्य सिफारिसका कार्य, मालपोत अन्य कर वडा कार्यलयमा बुझाउने ब्यवस्था हुनेछ । विशेष प्रयोजनका लागि मात्र नगरपालिकामा जानेछन् । नगरपालिका व्यवस्थित हल सहितको कार्यालय हुनेछ ।
- नगरपालिकामा एक **JCB** स्काभेटर  र रोलर हुनेछ । एक ट्याक्टर र एक अफिस प्रयोजनको मोटर र मोटरसाइकलहरू व्यवस्था गरिनेछ ।
- राइनास नगरपालिका वडा नं. ८, हर्रावोटमा एक नमूना अर्गानिक कृषि तालिम केन्द्र तथा नर्सरी हुनेछ । जसले नगरपालिका क्षेत्रका कृषकहरूलाई प्रत्यक्ष प्राविधिक सहयोग पुरयाउनेछ ।
- नगरपालिकाको विभिन्न राजनैतिक तथा प्रशासनिक तहमा पूर्ण समानुपातिक, समावेशी, सहभागिता र संलग्नाता भएको हुनेछ ।
- न.पा.मा बाल हेल्पलाईन डेस्क हुनेछ ।
- सामाजिक सुरक्षाको भत्ता बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाइने छ ।

## पुरातत्व ऐतिहासिक मठमन्दिर देवलाय, सँस्कृति

- नगरपालिकाको नामाकरण भएको रागिनासकोट एक ऐतिहासिक, धार्मिक, प्राकृतिक र साँस्कृतिक धरोहरा हो । त्यसको महत्व, विशेषता, इतिहासलाई उजागर गरि प्रचार प्रसार संरक्षण सम्बर्धन भई विशेष पर्यटकीय आकर्षणको केन्द्र बनाइने छ ।
- नगरपालिका भित्रका अन्य मठमन्दिर, देवलाय, पाटीपौवाहरूको खोज अनुसन्धान संरक्षण सम्बर्धन हुनेछ ।

  रूद्रदेवी - हर्राबोट,

  भैरवी देवी - काउरेपानी, पन्थे डाडा - सत्यदेवी, बोराङ - रामकृष्ण

  धमिलीकुवा - महारूद्र, रागिनासकोट - थानिमाई,

  बडारेदेवी, टिमुरे - सन्तानेश्वर,

सिद्दको स्थान - रागिनासकोट, भगारी - खड्कदेवी, साहिलीटर - घडेरी देवि
कोटेश्वर महादेवको कालिका - रागिनासकोट
चक्रतिर्थ मन्दिर -
पाङ्गे कालिका -
नयाँ पौवा -
धमिलीकुवा -
शिख मस्जिद - बोराङखोला-मनकामना / महादेव स्थान
रागिनासकोट गुम्बा -
योग स्तम्भ - राईनासकोट अन्नपूर्ण मन्दिर लाम्पाटा
पन्थैंडाँडाको कालीका मन्दिर
गोरखानाथ मन्दिर मोहोरीयाकोट - प्यारजुङ जोगी गुफा
अकला मन्दिर - आदि

- रागिनासकोट, बोहोरागाउँ लगायत गुरूङ गाउँका घाटु (सति, बाह्रमासे) कृष्ण चरित्र, स्यार्का, लामा नाच, सोरठी, पाउँदुरे नाँच
- तामाङ जातिको, मगर जातिको, कुमाल जातिको,
- बोराङको बालुन
- चक्रतिर्थ धमिलीकुवाको भजन वीरभक्ति पार्क - मोहोरिया
- तार्कुघाट लाखे, रोपाई, बाध, गाई जात्रा
- पञ्चैबाजा, सारङ्गी बाजा
- तीज, रत्यैली, ठाडो भाका, नानिलै, खाँडो
- मेला - चेपेघाट, एकादशी, सतविज, वडारे, शिवरात्री राइनासकोट

## पर्यटन विकास

- यस नगरपालिकाको मूल पर्यटन केन्द्रको रूपमा रागिनासकोटलाई विकास, प्रचार, प्रसार गरिनेछ ।

- सर्बोदय सेवाश्रम एक अरोग्य केन्द्र समेत हुने भएकोले उक्त स्थान पर्यटकका लागि आधार शिविर (बेस क्याम्प) का रूपमा रहनेछ ।
- चेपेघाट, चक्रतिर्थ मन्दिर हुँदै रागिनासकोट पुग्ने पर्यटक मार्ग र सर्बोदय देखि मोहोरियाकोट हुँदै रागिनासकोट पुग्ने अर्को पर्यटन मार्ग हुनेछ ।
- रागिनासकोट गाउँ मूल होमस्टेका रूपमा भए पनि वरपरका गाउँहरू, बोहोरागाउँ, आँठस्वाँरा, पात्लेपानी, प्यारजुङ गाउँ सहायक होमस्टेका रूपमा विकासित गराइने छ ।
- रागिनासकोटबाट गैंडा, इलमपोखरी, लिप्ले लेक र दूधपोखरी पर्यापर्यटन मार्ग हुनेछ ।
- धमिलीकुवा, तिनपिप्ले, एक्ले आदि स्थानबाट लिगलिगकोट पदमार्ग हुनेछ ।
- धमिलीकुवा लपुखोला दोभान - ढुङ्डुर गुफाको प्रचार गरी आन्तरीक पर्यटकलाई आकर्षण गरीने छ ।

## मोटर यातायात

- प्यारजुङ - भञ्ज्याङबाट - बेशीशहर, नारायणघाट, पोखरा, काठमाण्डौँका लागि नियमित बस सेवा भएको हुनेछ ।
- बोराङखोलाबाट - बेशीशहर , नारायणगढ, पोखरा, काठमाण्डैँका लागि नियमित बस सेवा सञ्चालन भएको हुनेछ ।
- प्यारजुङबाट मोहोरियाकोट, तार्कुघाट हुँदै तिनपिप्ले बिहान र उक्त बस ४ बजे तिनपिप्लेबाट बोराङखोला हुँदै साँझ प्यारजुङ भञ्ज्याङ बास बस्नेछ ।
- प्यारजुङ भञ्ज्याङबाट - बोराङ हुँदै बिहान तिनपिप्ले र बेलुका ३ बजे पछि तिनपिप्ले बाट धमिलीकुवा - हर्राबोट, मोहोरिया हुँदै प्यारजुङ भञ्ज्याङ यसै वर्ष देखि व्यवस्था मिलाइने छ । यस नगरापालिका भित्रका सबै वडाहरूमा यातयातको सेवा पुरयाइने छ ।

## सुशासन र संस्थागत विकास

- नगरपालिकाका हरेक गतिविधि नगरबासीहरूसम्म सूचना र संञ्चारका माध्यामद्वारा प्रकासन र प्रशारण गरिने छ । साथै नगरपालिकामा रहेको वेभ साइटलाई सूचनाको प्रमुख माध्यमका रूपमा विकास गरिने छ ।
- नगरपालिकाबाट संञ्चालित कार्यक्रम तथा योजना प्रभावकारी संञ्चालनका लागि अनुगमन टोली गठन गरि अनुगमन कार्य गरिने छ ।
- नगरपालिकाबाट सबै कार्यक्रम तथा योजनाहरूको सार्वजिनक सुनुवाई र सामाजिक परिक्षणको कार्यलाई अनिवार्य गरिने छ ।
- अन्तिम लेखा परिक्षणमा वेरूजु हुन नदिन बिधि र प्रक्रिया बमोजिम मात्र भुक्तीनी हुने प्रणाली विकास गरिने छ ।
- यस नगरपालिकामा पदाधिकारी तथा कर्मचारीहरूको क्षमता बृदिका लागि कार्यक्रम राखिने छ ।
- नगरपालिकाको लागि आवश्यक पर्ने कानुनको व्यवस्था गरिने छ ।
- नगरपालिकामा कार्यरत सबै कर्मचारीहरूलाई सेवाग्राही प्रति नरम र मिठो व्यवहार गर्न एवं छिटो र सरल सेवा उपलब्ध गराउने वातावरण कायम गरिने छ ।

- कर्मचारीहरूको काम प्रतिको लगनशिलता जवाफदेहिता बृदि गर्न कार्य सम्पादनका आधारमा प्रोत्सहान प्रणालीको विकास गरिने छ ।
- नगरपालिका कार्यलय र वडा कार्यलयमा नागरिक वडापत्र राखिने छ ।

अन्त्यमा ,

मैले लिएको उपरोक्त परिकल्पनालाई साकार पार्न नगरवासीहरू प्रति सहयोग र सदभावको अपेक्षा राखेको छु । यस नगरपालिकामा क्रियाशिल राजनैतिक दल र दलको प्रमुख ज्यूहरू, माननीय सांसदहरूसँग यस नगरपालिकालाई समुन्नत र शान्त नगरको रूपमा विकास गर्न अहम भूमिका निर्वाह गरिनदिनु हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

यस राइनास नगरपालिकाको प्रथम नगरसभाको बैठकमा महत्वपूर्ण सहभागिता जनाएर यस सभामा गरिमामय बढाई दिनु भएकोमा प्रमुख अतिथि ज्यू , विशिष्ट अतिथि ज्यू लगायत सम्पूर्ण नगरवासीहरूमा आभार ब्यक्त गर्दछु ।

**धन्यवाद**

**(सिंह बहादुर थापा)**
**नगर प्रमुख**
**राईनास नगरपालिका, लमजुङ**